# मोहन्याल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :-९ संख्या :- २ मिति:- २०८२/०३/०८

## भाग- १

**लैङ्गिक हिंसा व्यवस्थापन ऐन, २०८२**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ सभाले यो ऐन तर्जुमा गरी जारी गरेकोछ ।**

संवत् २०८२ सालको ऐन नं. २

**लैङ्गिक हिंसा व्यवस्थापन ऐन, २०८२**

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner

# लैङ्गिक हिंसा व्यवस्थापन ऐन, २०८२

**१. प्रस्तावना:**

लैङ्गिक हिंसा पीडित÷प्रभावित व्यक्तिको मानवअधिकारको संरक्षण तथा दिगो पुनर्स्थापना गर्न, हिंसाको रोकथाम, प्रवर्द्धनात्मक कार्य, सहयोगका साथै न्यायमा पहुँच बढाउने कार्यका लागि मोहन्याल गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद छ अन्तर्गत दफा २४ को उपदफा (१), (२), ३) को (च), (छ), (झ) मा भएको व्यवस्था अनुरुप प्रत्यायोजित अधिकारका आधारमा “लैङ्गिक हिंसा व्यवस्थापन ऐन, २०८२” तयार पारिएको छ।

**परिच्छेद-१**

(१) सक्षिप्त नाम र प्रारम्भ:

(१.१) यस ऐनको नाम: “लैङ्गिक हिंसा व्यवस्थापन ऐन, २०८२” रहेको छ।

(१.२) यो गाउँसभाको बैठकबाट निर्णय भई प्रमाणीकरण भएको मितिबाट प्रारम्भ हुनेछ।

(२) परिभाषा: बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

२.१) “लैङ्गिक हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा महिला, बालबालिका वा अन्य व्यक्तिलाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पिडा पुऱ्याउने कार्य सम्झनु पर्छ। सो शब्दले लिङ्गको आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य, धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रुपमा महिला, बालबालिका वा अन्य व्यक्तिलाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कार्य सम्झनु पर्छ।

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

ख) “पालिका” भन्नाले मोहन्याल गाउँपालिका लाई सम्झनु पर्छ ।

ग) “ऐन” भन्नाले “लैङ्गिक हिंसा निवारण ऐन, २०८२” सम्झनु पर्छ।

घ) “अध्यक्ष” भन्नाले मोहन्याल गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ङ) “उपाध्यक्ष” भन्नाले मोहन्याल गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

च) “कार्यालय” भन्नाले मोहन्याल गाउँपालिकाको कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

छ) “योगदानमा आधारित पुनर्स्थापना कोष” भन्नाले लैङ्गिक हिंसा पीडित÷प्रभावितहरुको तत्काल उद्धार, पुनर्स्थापना, कानूनी सहयता, उपचार, शिक्षा, मनोविमर्श सेवा लगायत सीप विकास तालिमका साथै जीविकोपार्जनका लागि उपलव्ध गराउने गरी स्थापना गरिएको पुनर्स्थापना कोष सम्झनु पर्छ।

ज) “साझेदार संस्था” भन्नाले लैङ्गिक हिंसा पीडित÷प्रभावितहरुका लागि संरक्षण र पुनस्थापनाका लागि सङ्घ सस्था



CamScanner

ख. लैङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका व्यक्ति,

ग. लैङ्गिक हिंसाबाट प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र अवस्थामा जीवन जीउन बाध्य जुनसुकै उमेर समूहका व्यक्तिहरु,

घ. मानव बेचविखन तथा ओसारपसारमा परी हिंसामा परेका महिला तथा बालबालिका,

ङ. लैङ्गिक हिंसा पीडित÷प्रभावित एकल महिला, अपाङगता भएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महिला,

च. सशस्त्र द्वन्द्व तथा प्राकृतिक विपदका कारण हिंसामा परेका र पर्न सक्ने महिला तथा बालबालिका,

छ. एच.आई.भी. तथा एड्सबाट सङ्क्रमित भै लैङ्गिक हिंसाबाट पीडित÷प्रभावित बालबालिका र

ज. यौनिक अल्पङ्ख्यक भएका व्यक्तिहरु ।

२.२. लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समिति:

"लैङ्गिक हिंसा व्यवस्थापन समिति" लाई थप सुझाव, सल्लाह र सहयोग प्रदान गर्नका लागि मोहन्याल गाउँपालिकाका अध्यक्ष संयोजक रहने गरी एक सल्लाहकार समितिको गठन भएको हुनेछ, उक्त सल्लाहकार समितिमा देहायका पदाधिकारीहरु रहने व्यवस्था गरिएको छ ।

१) अध्यक्ष -संयोजक

२) प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, कैलाली - सदस्य

३) प्रमुख, इलाका प्रशासन कार्यालय, पण्डौन. -सदस्य

४) प्रमुख प्रशासकीय अधिकृत, मोहन्याल गाउँपालिकाका को कार्यालय, कैलाली -सदस्य

५) मोहन्याल गाउँपालिकाका कर्मचारी प्रशासन शाखा -सदस्य

२.३. सल्लाहकार समितिको काम कर्तब्य र अधिकार:

सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ

क. लैंङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको पुनर्स्थापना सम्बन्धी कार्य गर्न लैंङ्गिक हिंसा निवारण व्यवस्थापन समितिलाई नीतिगत निर्देशन दिने ।

ख. लैङ्गिक हिंसा विरुद्धमा सञ्चालन गरिने रोकथाम, प्रवर्द्धन, सहयोग र हिंसा प्रभावितहरुको पुनर्स्थापना सम्बन्धी भए गरेका कार्यहरुको स्थलगत अनुगमन गरी थप सुदृढीकरणका लागि व्यवस्थापन समितिलाई आवश्यक राय, सल्लाह र सुझाव दिने ।



CamScanner

ग. पुनर्स्थापना कार्यका साथै दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माणका लागि प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय र सहकार्यद्धारा थप श्रोत व्यवस्थापन गर्न सुझाव प्रदान गर्ने ।

२.४. लैङ्गिक हिंसा व्यवस्थापन समिति:

लैङ्गिक हिंसा पीडित तथा प्रभावित विशेषगरी महिला तथा बालबालिकाहरुको अधिकार संरक्षण, सम्बद्र्धन र न्यायिक निरुपणका लागि आवश्यक आर्थिक, प्राविधिक तथा मानवीय सहयोग उपलव्ध गराउन सहजता प्रदान गर्न, लैङ्गिक हिंसालाई शून्य सहनशीलताको नीति अवलम्बन गर्न, आवश्यक श्रोत साधन सङ्कलन तथा परिचालन गरी पुनर्स्थापना केन्द्रको सञ्चालनमा मार्ग निर्देश गर्न, प्रदत्त सेवाहरूको गुणस्तर सुनिश्चित गर्न र विभिन्न सेवा–प्रदायक माझ सहकार्यलाई बढावा दिन, मोहन्याल गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा एक ‘लैङ्गिक हिंसा व्यवस्थापन समिति’ गठन गरिने छ । समितिमा निम्न पदाधिकारीहरु रहने व्यवस्था मिलाइएको छ ।

१) उपाध्यक्ष, -संयोजक

२) प्रमुख, इलाका प्रहरी कार्यालय -सदस्य

३) प्रमुख स्वास्थ्य शाखा -सदस्य

४) अध्यक्षले मनोनित गरेको कार्यपालिका सदस्य (एक जना) -सदस्य

५) सामाजिक क्षेत्रमा क्रियाशील व्यक्ति मध्येबाट अध्यक्ष बाट मनोनित (१ जना महिला) -सदस्य

६) लैङ्गिक हिंसा विरुद्धमा कार्य गर्ने तथा पुनर्स्थापनाको क्षेत्रमा कार्यरत संस्थाका प्रमुखहरु गाउपालिका अध्यक्षले मनोनित गरेका (२ जना) -सदस्य

७) जिल्ला बार एसोसियसनका अध्यक्ष्य वा प्रतिनिधि -सदस्य

८) प्रतिनिधि , स्थानीय पत्रकार -सदस्य

९) प्रमुख महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, -सदस्य-सचिव

२.५. व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः

व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:

क. लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको मानव अधिकारको संरक्षण, सहयोग, न्यायमा पहुँच स्थापनाका साथै दिगो व्यवस्थापनमा सहयोग गर्ने ।

ख. लैंङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको दिगो पुनरस्थापनाका लागि थप आर्थिक स्रोतको व्यवस्थापन, जिल्लामा रहेका अन्य पालिकाहरुबाट समेत योगदानमा आधारित स्रोत सङ्कलन,व्यवस्थापन र परिचालनका साथै प्रभावितहरुलाई सेवाको सुनिश्चितता दिलाउन पहल गर्ने ।



CamScanner

ग. हिंसा पीडित तथा प्रभावितहरुको घटनाको प्रकृति र उमेर अनुसार कस्तो खालको सहयोग पुऱ्याउनु पर्ने हो ? एकिन गर्ने र पुनर्स्थापनासम्बन्धी निर्णय गर्ने।

घ. न्यूनतम मापदण्ड सहितको सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने।

ङ. सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्रको छनौट गर्न निश्चित आधार एवं निर्देशिका तयार पार्ने र सोही बमोजिम छनौट प्रक्रियाको अबलम्बन गर्ने।

च. पुनर्स्थापना सम्बन्धमा भए गरेका क्रियाकलापहरुको नियमित अनुगमनका साथै बार्षिक रुपमा समीक्षा गरी प्राप्त सुझाव र रायका आधारमा कार्यक्रम कार्यान्वयनमा सुधार गर्ने÷गराउने।

छ. लैङ्गिक हिंसा व्यवस्थापन समिति र सुदुरपश्चिम प्रादेशिक अस्पताल मा सञ्चालनमा आएको एकद्वार सङ्कट व्यवस्थापन सँग आवश्यक समन्वय तथा सहकार्य गर्ने।

ज. लैङ्गिक हिंसा अन्त्यका लागि शून्य सहनशीलता नीतिलाई व्यवहारिक रुपमा अबलम्बन गर्ने÷गराउने कार्यका लागि वडा तहसम्म लैङ्गिक हिंसा निवारण वडा समितिको गठन,परिचालन र महानगरको कानूनी मामिला शाखासँग समन्वय गरी वडा-वडामा कानूनी साक्षरता एवम् संरक्षण प्रणाली विषयमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने। झ. स्थानीय जनप्रतिनिधि लगायत वडा तहमा रहेका महिला निगरानी समूह, मेलमिलाप समितिका सदस्य, महिला सहकारी संस्था, टोल विकास संस्था, स्वास्थ्य स्वयम् सेविका एवम् सरोकारवाला निकाय, संस्था वा व्यक्तिहरुलाई आवश्यकतानुसार कानुनी सचेतना प्रबद्र्धन गर्ने कार्यमा सहयोग पुऱ्याउने।

ञ.आर्थिक वर्षको अन्त्यमा भए गरेका उपलव्धी एवम् लैङ्गिक हिंसा निवारण कोष मार्फत भए गरेका खर्च विवरण सार्वजनिक गर्ने÷गराउने।

२.६ व्यवस्थापन समितिको कार्य सञ्चालन विधिः

क. व्यवस्थापन समितिको बैठक दुई-दुई महिनामा बस्नु पर्नेछ। तर, आवश्यकता अनुसार जुनसुकै समयमा पनि व्यवस्थापन समितिको बैठक बस्न सक्ने छ।

ख. व्यवस्थापन समितिले सर्बसम्मतिका आधारमा निर्णय गर्नुपर्नेछ।

ग. दुई तिहाई सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ।

घ. समितिले आवश्यकतानुसार कैलाली जिल्लाका अन्य पालिकाका प्रमुखहरुलाई आमन्त्रण गर्न कुनै बाधा पुग्नेछैन

२.७ वडास्तरीय लैङ्गिक हिंसा निवारण समितिको गठनः

लैङ्गिक हिंसा लगायत समाजमा विद्यमान विभिन्न कुरीतिजन्य हिंसाको निवारण गर्न, लैङ्गिक हिंसाका कारण र निवारणका उपाय पत्ता लगाउन, वडा तहमा साविक महिला विकास कार्यक्रम अन्तर्गत गठन भएका महिला संस्था र लैङ्गिक हिंसा निगरानी समूह, किशोरी समूह र वडा बालक्लवको परिचालन गरी “हरेक घर सम्मानित घर अभियान” का रुपमा लैङ्गिक हिंसा विरुद्धमा विविध गतिविधीहरु



CamScanner

गर्न गाउपालिका क्षेत्रका सबै वडामा वडाअध्यक्ष्यको संयोजकत्वमा वडास्तरीय लैङ्गिक हिंसा निवारण समितिको गठन गरिनेछ। समितिमा निम्न पदाधिकारीहरु रहने व्यवस्था मिलाईएको छ।

१) सम्बन्धित वडाको वडा अध्यक्ष्य -संयोजक

२) वडा अध्यक्ष्यले मनोनित गरेका वडा सदस्यमध्येबाट एक जना -सदस्य

३) वडा तहमा लैङ्गिक हिंसाका क्षेत्रमा कार्य गर्दै आएका महिला संस्था वा निगरानी समूह ÷ गैसस÷मेलमिलाप समिति मध्येबाट समितिले छनौट गरेका दुई जना -सदस्य

४) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख -सदस्य

५) वडास्तरीय बालक्लबको अध्यक्ष्य÷प्रतिनिधि -सदस्य

६) सम्बन्धित वडाको सचिव -सदस्य-सचिव

२.८ वडास्तरीय लैङ्गिक हिंसा निवारण समितिको काम÷कर्तव्य र अधिकारः

१. समितिले लैङ्गिक हिंसा, महिला सुरक्षा, बालसंरक्षणका सबालका मुद्धाको सुनवाई र पैरवी गर्ने।

२. समुदाय तहमा हिंसा अन्त्यका लागि सबै नागरिकहरुको छलफल, चासो, चिन्ता एवम् जागरुकता पैदा गर्ने÷गराउने।

३. समितिले समुदायका शुभचिन्तक समेतको सहयोगमा वडा भित्र पारिवारिक परिवेशमा छिपेका घटना उजागर गरी रोकथामका उपायहरू अवलम्बन गर्न सहयोग पु¥याउने।

४. वडा तहमा लैङ्गिक हिंसा अन्त्यका लागि भएका कानुनी व्यवस्थाका बारेमा बृहद रुपमा कानुनी साक्षरता (सचेतना) प्रदान गर्ने व्यवस्था मिलाउने।

५. हिंसा प्रभावितको तत्काल संरक्षण, औषधोपचार एवम् न्यायिक निरुपणका लागि व्यवस्थापन समितिलाई सिफारिस गर्ने।

६. प्रभावित महिलालाई न्यायिक निकायबाट प्रदत्त हकको निर्वाध उपभोग गर्न आवश्यक सहयोग जुटाउने।

७. पारिवारीक विखण्डन भएको तथा गरिखाने आधार केही पनि नभएका प्रभावित महिलाको हकमा पुनर्स्थापना कोषबाट जीविकोपार्जन अनुदान दिलाउने प्रक्रियामा सहजीकरण गर्ने।

## परिच्छेद-३

पुनर्स्थापना कोषको व्यवस्था÷पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन

३.१. पुनर्स्थापना कोषको व्यवस्थाः



CS CamScanner

लैङ्गिक हिंसा पीडित तथा प्रभावित भएका र परिवारमा तत्काल पुनर्स्थापना गर्न नसकिने लैंङ्गिक हिंसा पीडित तथा प्रभावित महिला तथा बालबालिकाको हकमा शिक्षा, स्वास्थ्य, कानुनी परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, स्वरोजगार सिर्जना हुने खालका सीप तथा व्यवसायिक सीप विकास तालिमका साथै व्यवसाय स्थापना गर्न आर्थिक तथा प्रविधिक सहयोग उपलब्ध गराउने गरी दिगो पुनर्स्थापना गर्न एक छुट्टै कोषको स्थापना र सञ्चालन गरिनेछ। साथै देहायको प्रक्रिया अबलम्बन गरी पुनर्स्थापना कोष सञ्चालनमा ल्याइनेछ।

क) लैङ्गिक हिंसा निवारणका लागि एकीकृत कोष सञ्चालन भएको हुनेछ।

ख) पुनर्स्थापना कोषका लागि प्रत्येक वर्ष गाउपालिकाले निश्चित प्रतिशत रकम विनियोजन गर्ने व्यवस्थालाई निरन्तरता दिएको हुनेछ।

ग) सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त हुने लैङ्गिक हिंसा निवारण कोषअन्तर्गत प्राप्त रकम समेत यसै कोषमा राखिनेछ।

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्था÷व्यक्ति वा समूहबाट समेत प्राप्त रकम कोषमा राखिनेछ।

ङ) पुनर्स्थापना कोषको रकम लैङ्गिक हिंसा पीडित÷प्रभावितको अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापनाका लागि व्यवस्थापन समितिले स्वीकृत गरेको खर्चको मापदण्डका आधारमा पीडित÷प्रभावितलाई खर्च उपलब्ध गराउने व्यवस्था मिलाउनेछ।

च) कोषको रकम परिचालनका लागि छुट्टै खाता सञ्चालनमा ल्याइने छ। उक्त खातामा रहेको रकम प्रत्येक वर्ष आन्तरिक÷अन्तिम लेखा परीक्षण गर्ने व्यवस्था मिलाइने छ।

छ) पुनर्स्थापना कोषमा सञ्चित रकमलाई फ्रिज नहुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

ज) मोहन्याल गाउँपालिकाका को लेखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट पुनर्स्थापना कोषको खाता सञ्चालन गरिनेछ।

३.२. पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन:

सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन र लैङ्गिक हिंसा पीडित तथा प्रभावित व्यक्तिहरुलाई अल्पकालीन तथा दिर्घकालीन आश्रयको व्यवस्था मिलाउन देहाय बमोजिमका कार्यहरु गरिने छन्

क) आवश्यकताको आधारमा पालिकाको उपयुक्त स्थानमा साझेदार सङ्घसंस्थाले सुरक्षित आवास गृह तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्नेछ।

ख) सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड सहितको छुट्टै निर्देशिका व्यवस्थापन समितिले तयार गरी लागू गर्न सक्नेछ।

ग) पालिकाको आर्थिक तथा प्राविधिक सहयोग, समन्वय र सहकार्यमा स्थानीय गैर सरकारी संस्था तथा सामाजिक सङ्घ-संस्था मार्फत हिंसा पीडित तथा प्रभावितका लागि सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछ।



CamScanner

घ) लैङ्गिक हिंसा व्यवस्थापनको क्षेत्रमा निश्चित अनुभव बटुलिसकेका संस्थाहरुलाई पालिकाको स्वीकृत निर्देशिका÷कार्यविधि बमोजिम आवश्यकताका आधारमा सुरक्षित आवास गृह पुनर्स्थापना केन्द्र सञ्चालन गर्न व्यवस्थापन समितिले अनुमति दिन सक्नेछ।

ङ) एउटै संस्थाले छुट्टाछुट्टै मापदण्डका आधारमा सुरक्षित अल्पकालीन आश्रय सेवा र दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्न सक्ने छन्।

६) सुरक्षित आवास गृहले ६ महिनासम्म पीडित तथा प्रभावितलाई राख्न सक्नेछ।

७) पीडित तथा प्रभावित व्यक्तिको आवश्यकता एवं औचित्यका आधारमा पुनर्स्थापना केन्द्रमा संरक्षणका लागि समयावधि थप गर्नुपर्ने देखिएमा व्यवस्थापन समितिले निर्णय गर्न सक्नेछ।

८) सुरक्षित आवास गृह र पुनर्स्थापना केन्द्रमा रहेका वा अन्य पीडित तथा प्रभावित व्यक्तिको निःशुल्क स्वास्थ्य उपचारका साथै एकीकृत सेवाको उपलव्धता सुदुरपश्चिम प्रादेशिक अस्पतालमा रहेको एकद्धार सङ्कट व्यवस्थापन केन्द्रले प्रदान गर्नेछ।

९) व्यवस्थापन समितिले आवास गृह र पुनर्स्थापना केन्द्र मापदण्ड अनुरुप सञ्चालन भए नभएको नियमित रुपमा अनुगमन गर्ने छ। अर्धवार्षिक रुपमा गृह र केन्द्र सञ्चालन कर्ता र व्यवस्थापन समितिले संयुक्त रुपमा समीक्षा गरी सुधारका योजना कार्यान्वयनमा ल्याउनेछ।

१०) जीबिकोपार्जनका लागि सहयोग लैंङ्गिक हिंसा पीडित÷प्रभावितहरुमा भएको हिंसाको प्रकृति, हिंसाको गम्भिरता, परिवारको आर्थिक हैसियत, उमेर, शैक्षिक स्तर, पीडितका आफन्त र सहयोगी भए नभएको, आफन्त र सहयोगीबाट हुने आर्थिक सहयोग र संरक्षणको सम्भावना आदिका आधारमा पुनरस्थापनाको ढाँचा व्यवस्थापन समितिले निर्धारण गर्नेछ।

क. हिंसा पीडितको अवस्था एवम् रुची अनुसार व्यवसाय वा जीविकोपार्जन गर्न बीउ पूँजी (व्यवसाय स्थापना खर्च) को रुपमा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

ख. व्यवसायको प्रकृति हेरी समितिले आर्थिक सहयोगको मात्रा निर्धारण गर्नेछ।

३.३. आर्थिक सहयोग

सहयोग सम्बन्धी मापदण्ड:

१) पीडितलाई देहाय बमोजिमको रकम उपलब्ध गराइनेछ:

क) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा संभाव्यता तथा मनासिव कारणका आधारमा समितिको निर्णय अनुसार प्रतिव्यक्ति बढीमा तीस हजार रुपैयासम्म उपलब्ध गराउन सकिने,

ख) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार, मनोसामाजिक विमर्श सेवाका लागि दस हजार रुपैया सम्म उपलब्ध गराउन सकिने,

ग) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रुपैया र बास बस्नुपर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले बढीमा पाँच हजार रुपैयासम्म उपलब्ध गराउन सकिने,



CamScanner

घ) पीडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपरेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाचँ सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च उपलब्ध गराउन सकिने,

ङ) पीडितसङ्ग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम उपलब्ध गराउन सकिने ।

३.४ प्रविधिक सहयोग

पीडित तथा प्रभावितको जीविकोपार्जनका लागि प्रदान गरिने आर्थिक सहयोगसँगसँगै आवश्यकताको आधारमा सीप विकास तालिम, नियमित परामर्श सेवा उपलब्ध गराइनेछ, सो कार्यका लागि उपयुक्त नीजि सङ्घ–सस्था, गैरसरकारी तथा सरकारी निकायँःग समन्वय र सहकार्य गरिनेछ ।

२.६. विद्यालय शिक्षा तथा प्राविधिक÷व्यवसायिक शिक्षा

क. पीडित तथा प्रभावितको उमेर एवं रुचीका आधारमा विद्यालय तथा प्राविधिक शिक्षा उपलब्ध गराइनेछ ।

ख. बालबालिका तथा किशोरीको हकमा सामुदायिक एवम् नीजि विद्यालयमा १२ कक्षा सम्मको शिक्षा उपलब्ध गराईनेछ। सो कार्यको लागि जिल्लास्थित सामुदायिक एवम् नीजि विद्यालयहरुसँग समन्वय गरिनेछ ।

ग. पीडितको शैक्षिक स्तर एवम् रुचीका आधारमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम उपलब्ध गराइनेछ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम छनौट गर्दा बजारको माग एवम् वृत्ति विकासका अवसरहरुलाई ध्यान दिनु पर्नेछ ।

२.७. लैङ्गिक हिंसा पीडित तथा प्रभावित संलग्न सहकारी संस्था वा सञ्जाल निर्माण

क. लैंङ्गिक हिंसा पीडित÷प्रभावितहरुको सहकारी संस्था निर्माण, प्रवर्धन एवं सोको सुदृढीकरण लागि आर्थिक सहयोग उपलब्ध हनेछ ।

ख. लैंङ्गिक हिंसा पीडित÷प्रभावितहरुको सहभागिता, उनीहरुको अधिकारको संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापनमा सहयोग पुग्नेछ ।

ग. वडा तह एवम् सरकारी निकाय÷संस्थाहरुलाई जवाफदेही बन्न सञ्जाल निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

घ. सहकरी संस्था तथा सञ्जाललाई सरकारी, गैरसरकारी र नीजि क्षेत्रसँग सम्बन्ध स्थापित गराइनेछ ।

२.८. दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन

क) मोहन्याल गाउँपालिकाका भित्र ५० जनासम्म अट्न सक्ने क्षमताको सुविधा सम्पन्न दीर्घकालीन पुनर्स्थापना केन्द्रको भवन निर्माणका लागि उपयुक्त स्थानमा जग्गाको खोजि गरिने ।



CamScanner

ख) सङ्घीय तथा प्रादेशिक सरकारको प्रत्यक्ष सहयोगमा सुविधा सहितको भवन निर्माण गर्ने कार्यमा व्यवस्थापन समितिको सक्रियता रहनेछ।

## परिच्छेद-४ विविधः

क) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा, अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि लैङ्गिक हिंसा निवारण व्यवस्थापन समितिले सल्लाहकार समितिको राय सुझावका आधारमा व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ।

ख) कार्यविधिको दफा (२.२) मा उल्लेख भएको सल्लाहकार समितिमा प्रत्येक पालिकाका अध्यक्ष र व्यवस्थापन समितिमा र सबै पालिकाका उपप्रमुख एवम् न्यायिक समितिका संयोजकलाई सदस्यता थप गर्न सकिनेछ।

ग) समितिको सक्रियतामा कैलाली जिल्लाका अन्य पालिकाहरुसँग सहयोग, समन्वय र सहकार्य गरी पुनर्स्थापना कोष स्थापना र सञ्चालन गर्न सबै पालिकाहरुको योगदानमा आधारित एकीकृत पुनरस्थापना कोष/दिर्घकालीन पुनरस्थापना केन्द सञ्चालन गर्न कुनै बाधा पुग्ने छैन।



CamScanner

अनुसुची १

श्री संयोजक ज्यू, स्थानीय तत्काल उद्धार तथा राहत समिति मोहन्याल गाउँकार्यपालिका कैलाली।

विषय: सहयोग उपलब्ध गराइ पाउ।

म ...........................................मा बस्ने वर्ष ...... को ........................................ मिति...................मा लैङ्किंक हिंसाबाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैङ्किंक हिंसा (.................) भएको कारणले मेरो मानसिक÷ शारिरीक÷ सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार÷कानुनी सहायता एवं परामर्श÷उद्धार÷ मनोविमर्श÷स्वरोजगार÷पुनर्स्थापना÷अन्य ............... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइदिनु हुन यो निवेदन पेश गरेको छु।

निवेदकको: नाम थर:

ठेगाना:

दस्तखत:

मिति:

**आज्ञाले,**
**रुपेश कुमार शर्मा बराल**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner